| कार्यविधि नं. | ०५ |
|---|---|

# अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन,पुनर्गठन र सञ्चालन कार्यविधि, २०७८

| कार्यपालिकाबाट स्वीकृत मिति | २०७८/०६/०८ |
|---|---|

## माण्डवी गाउँपालिका

## प्यूठान जिल्ला

## लुम्बिनी प्रदेश

## अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन,पुनर्गठन र सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना : अपांगता भएका व्यक्तिहरुको हक, हित, अधिकारको संरक्षण,वकालत र गाउपालिकालाइ अपांगता भएका व्यक्तिको क्षेत्रमा नीति कार्यक्रम वनाउदा सहयोग गर्न माण्डवी गाउकार्यपालिकाले अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन गर्ने र कार्य सञ्चालन कार्यविधिको व्यवस्था गर्न वाञ्छनिय भएकोले माण्डवी गाउँ कार्यपालिकाद्वारा यो “अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन र सञ्चालन कार्यविधि, २०७८” लागु गरिएको छ ।

### परिच्छेद- १ प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन र सञ्चालन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३.**गाउपालिकास्तरीय अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन**

१)गाउपालिकास्तरीय अपांगता भएका व्यक्तिहरुको सञ्जाल गठन देहाय वमोजिम हुनेछ ।

क) अध्यक्ष, ,

ख) उपाध्यक्ष

गं) सचिव

घ) कोषाध्यक्ष

ङ) सदस्य,

च) सदस्य

छ) सदस्य

ज) सदस्य, माण्डवी गाउपालिका सामाजिक विकास समिति संयोजक

झ) सदस्य,माण्डवी गाउपालिका शिक्षा संयोजक

ञ) सदस्य,माण्डवी गाउपालिका स्वास्थ्य संयोजक

ट) सदस्य, माण्डवी गाउपालिकामा अपांगता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संघ सँस्थाको एक जना प्रतिनिधि

ठ) सदस्य, क र ख वर्गको अपांगता भएका व्यक्तिहरुको संरक्षक तथा अभिभावकहरुमध्येवाट सञ्जालले छानेको एक जना प्रतिनिधि

ड) सदस्य सचिव, माण्डवी गाउपालिका महिला वालवालिका शाखा संयोजक

२)उपदफा १ को क देखी छ सम्मका सदस्यहरु अपांगता भएका व्यक्तिहरु वा क र ख वर्गका अपांगता भएका व्यक्तिको अभिभावक वा संरक्षकहरुमध्येवाट निज अपांगता भएका व्यक्ति र क र ख वर्गका अपांगता भएका व्यक्तिको अभिभावक वा संरक्षकहरुले नै चुनेको अर्थात रोजेको व्यक्ति नै हुनुपर्नेछ ।

३) उपदफा १ वमोजिमको सञ्जाल गठन गर्दा जाति,लिंग, वर्ग र भौगोलिक समावेशिताको आधारमा गठन गर्नुपर्नेछ ।

## परिच्छेद- २ गाउपालिकास्तरीय अपांग सञ्जालको काम, कर्तव्य र अधिकार

१) दफा ३ वमोजिम गठन भएको अपांग सञ्जालको काम, कर्तव्य, अधिकार देहाय वमोजिम हुनेछ :

१) अपांगता सम्वन्धि नीति तथा कार्यक्रम तर्जुमा गर्न गाउपालिकालाइ सिफारिस गर्ने, सहजीकरण गर्ने ।

२) अपांगता भएका व्यक्तिको हक, अधिकार, सेवा, सुविधा, अवसरको संरक्षण, सम्वर्द्दनका लागि सरोकारवाला निकाय सँग समन्वय गर्ने ।

३) अपांगता भएका व्यक्तिको अधिकारको विषयमा विभिन्न निकायहरुको, व्यक्तिहरुको भूमिकाको वारेमा सम्वन्धित व्यक्ति तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने, सचेतना विस्तार गर्ने ।

४) सार्वजनिक संरचनाहरु जस्तो विद्दालय, खेल मैदान, कार्यालयहरुमा अपांगता भएका व्यक्तिहरुको सहज पँहुच निर्माण गर्नका लागि सम्वन्धित निकायहरुलाइ सिफारिस गर्ने ।

५) अपांगता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्ने ।

६) अपांगता भएका व्यक्तिको हक, हित वा अधिकार विपरित कुनै काम कारवाही कसैद्दारा भए गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउने ।

७) अपांगता सम्वनधमा संघीय सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न उपयूक्त नीति, योजना, तथा कार्यक्रम तर्जुमा गर्ने तथा गराउने ।

**परिच्छेद ३- गाउपालिकास्तरीय अपांग सञ्जालको वैठक सम्वन्धि कार्यविधि**

१) अपांग सञ्जालको वैठक कम्तीमा तीन महिनामा एक पटक वस्नेछ ।

२) वैठक अक्ष्यक्षले र निजको अनुपस्थितिमा उपाक्ष्यक्षले तोकेको मिति, समय, र स्थानमा वस्नेछ ।

३) अध्यक्षको आदेश वमोजिम वैठकको सूचना सदस्य सचिवले कम्तीमा ४८ घण्टा अगावै अन्य सदस्यहरुलाइ दिनुपर्नेछ ।

४) कुल सदस्य सँख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा सञ्जालको वैठकको लागि गणपुरक पुगेको मानिनेछ ।

५) वैठकको अध्यक्षता सञ्जालको अध्यक्षले र निजको उपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६) वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकमा अध्यक्षता गर्ने व्यक्कितले निर्णायक मत दिनेछ ।

७) सञ्जालले सम्वन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८) सञ्जालको वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

९) सञ्जालको वैठक सम्वन्धी अन्य कार्यविधि सञ्जाल आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**परिच्छेद ४- गाउपालिकास्तरीय अपांग सञ्जालका सदस्यहरुको पदावधी**

१) सामान्य अवस्थामा उपदफा ३ वमोजिम गठन भएको अपांग सञ्जालका सदस्यहरुको पदावधी ३ वर्षको रहनेछ ।

२) पदावधी पुरा नहुदै कुनै सदस्यको पद रिक्त हुन गएमा सञ्जालले निर्णय गरेवमोजिम हुनेछ । रिक्त पद पूर्ती गर्दा समावेशीकरणको नीति अनुरुप हुनेछ ।

इति सम्वत २०७८ महिना असौज गते ८ रोज ६ शुभम ।